# सुसमाचार कथा पुस्तक

## तीन



## यो मेरो सुसमाचार कथा पुस्तक तीन हो

मेरो नाम ________________________________ हो

## मेरो सुसमाचार कथा पुस्तक तीन  म पढ्न सक्छु

यी कथाहरू सृष्टिकर्ता परमेश्वरका पवित्र पुस्तकबाट लिएका हुन्।

यस कथा पुस्तकमा भएका सबै चित्रहरू भारतका आदिवासी बालकहरूले बनाएका हुन्।
सुसमाचार कथा पुस्तक तीन। सर्वाधिकार 2016 । भारतमा मुद्रित।
जानकारीको निम्ति सम्पर्क गर्नुहोस्: WBTC India, P.O. Box 8478, Bangalore 560084.
Email: info@wbtcindia.com





दुष्ट राजा ................................................ 2-27
गोठालो केटो ........................................... 28-32

# दुष्ट राजा

धेरै वर्षहरू बिते।

अब्राहामको छोराछोरी, उनीहरूको छोराछोरी, उनीहरूको छोराछोरी अनि उनीहरूको छोराछोरीको छोराछोरी सृष्टिकर्ता परमेश्वरको निम्ति गाइरहेको म देख्न सक्छु।







बच्चाहरूले यसो भनिरहेको म सुन्न सक्छु,

‘सृष्टिकर्ता परमेश्वर, कृपया हामीलाई बचाउनुहोस्।’

म दुष्ट राजालाई देख्न सक्छु।

दुष्ट राजाले सृष्टिकर्ता परमेश्वरको निम्ति गाउने प्रत्येकलाई घृणा गर्दछ।







म अर्को मानिसलाई देख्न सक्छु।

उनको नाम मोशा हो।

मोशा सृष्टिकर्ता परमेश्वरको निम्ति गाइरहेका छन्।

मोशाले आगोको रूखलाई हेरिरहेको
म देख्न सक्छु।

त्यो आगोबाट सृष्टिकर्ता परमेश्वरले
यसो भनिरहनु भएको म सुन्न सक्छु,

'मोशा, दुष्ट राजालाई बताऊ कि
सृष्टिकर्ता परमेश्वरले भन्नुभएको छ,

"मेरा मानिसहरूलाई स्वतन्त्र जान देऊ।"'







मोशाको दाजु छन्।

उनको नाम हारून हो।

मोशा र हारूनलाई दुष्ट राजा कहाँ
गइरहेको म देख्न सक्छु।

मोशाले दुष्ट राजालाई यसो
भनिरहेको म सुन्न सक्छु,
'सृष्टिकर्ता परमेश्वरले भन्नुभयो,
"मेरा मानिसहरूलाई स्वतन्त्र जान देऊ।"'







दुष्ट राजाले यसो भनिरहेको
म सुन्न सक्छु,
'सृष्टिकर्ता परमेश्वरको निम्ति
गाउने मानिसहरूलाई म स्वतन्त्र
जान दिने छैन।'

सृष्टिकर्ता परमेश्वरले यसो भनिरहनु भएको म सुन्न सक्छु,

‘हारून, तिम्रो लहुरो भूइँमा फ्याँक।’

हारूनले लहुरो भूइँमा फ्याँकेको म देख्न सक्छु।







हारूनको लहुरो सर्प मा परिवर्तन भएको म देख्न सक्छु।

यो सी...सी...सी गरिरहेको छ।

दुष्ट राजाले उसको जादुगरहरूलाई
यसो भनिरहेको म सुन्न सक्छु,

‘तिमीहरूको लहुरोहरू भूइँमा फ्याँक।’

जादुगरहरूले उनीहरूको लहुरोहरू
भूइँमा फ्याँकिरहेको म देख्न सक्छु।







जादुगरहरूको लहुरोहरू सर्प मा
परिवर्तन भएको म देख्न सक्छु।



तिनीहरू सी...सी...सी
गरिरहेका छन्।




हारूनको सर्पले ती जादुगरहरूका सर्पहरूलाई खाइरहेको...खाइरहेको... खाइरहेको...म देख्न सक्छु।

सृष्टिकर्ता परमेश्वर सबैभन्दा शक्तिशाली हुनुहुन्छ!








मोशाले यसो भनिरहेको म सुन्न सक्छु,

‘सृष्टिकर्ता परमेश्वरले भन्नुभयो,
“मेरा मानिसहरूलाई स्वतन्त्र जान देऊ!”’
दुष्ट राजाले यसो भनिरहेको
म सुन्न सक्छु, ‘सृष्टिकर्ता परमेश्वरको निम्ति गाउने मानिसहरूलाई म स्वतन्त्र जान दिने छैन।’

मोशाले दुष्ट राजालाई यसो भनिरहेको म सुन्न सक्छु,

‘आज राती प्रत्येक परिवारको पहिलो छोरो मर्नेछ।’







सृष्टिकर्ता परमेश्‍वरले यसो भनिरहनु भएको म सुन्न सक्छु,

‘मोशा, मेरो निम्ति गाउने मेरा मानिसहरूलाई एउटा पाठो बलि चढ़ाउनु भन्।

त्यस पाठोको रगत आफ्नो घरका चौकोसहरूमा लगाउनु।

जब म रगत देख्नेछु, मेरा मानिसहरू मर्नेछैनन्।’

सृष्टिकर्ता परमेश्वरको निम्ति गाउने प्रत्येकले पाठोको रगत उनीहरूको घरका चौकोसहरूमा लगाए।







त्यस रात, सृष्टिकर्ता परमेश्वरको निम्ति नगाउने, प्रत्येक परिवारको छोरा मरे।

त्यस रात, सृष्टिकर्ता परमेश्वरको निम्ति गाउने प्रत्येक परिवारको पहिलो छोरा बाँचे।

त्यस रात, दुष्ट राजाले सृष्टिकर्ता परमेश्वरको निम्ति गाउने मानिसहरूलाई स्वतन्त्र जान दिए।

सृष्टिकर्ता परमेश्वर सबैभन्दा शक्तिशाली हुनुहुन्छ!







समय बित्दै गयो।

दुष्ट राजाले यसो भनिरहेको म सुन्न सक्छु, ‘म सृष्टिकर्ता परमेश्वरको निम्ति गाउने मानिसहरूलाई खेद्नेछु अनि तिनीहरूलाई मार्नेछु।’

चाँड़ो गर, दुष्ट राजा र उसका सिपाहीहरू आँउदैछन्...

मोशा र सृष्टिकर्ता परमेश्वरको निम्ति गाउने मानिसहरूलाई एउटा ठूलो, ठूलो, ठूलो नदीको छेउमा उभिरहेको म देख्न सक्छु।

चाँड़ो गर, दुष्ट राजा र उसका सिपाहीहरू आँउदैछन्...







मोशाले यसो भनिरहेको म सुन्न सक्छु,


‘सृष्टिकर्ता परमेश्वरले यस ठूलो, ठूलो, ठूलो नदिको बिचबाट नै एउटा बाटो बनाउनुहुनेछ।

सृष्टिकर्ता परमेश्वरले हामीलाई बचाउनुहुनेछ।’

सृष्टिकर्ता परमेश्वरले ठूलो, ठूलो,
ठूलो नदीको पानीलाई दुई भाग
गरिदिनुभयो।

मोशा र सृष्टिकर्ता परमेश्वरको निम्ति
गाउने मानिसहरूलाई त्यो ठूलो, ठूलो,
ठूलो नदीमा बनिएको बाटो भएर
हिड़िरहेको म देख्न सक्छु!





त्यो दुष्ट राजा र उसको सिपाहीहरू
त्यस ठूलो, ठूलो, ठूलो नदीमा
बनिएको त्यो बाटो भएर
पछ्याइरहेको म देख्न सक्छु।

त्यस दुष्ट राजा र उसका सिपाहीहरूमाथि पानी झरेको म देख्न सक्छु।

दुष्ट राजा र उसका सिपाहीहरू मरे।







मोशा र सृष्टिकर्ता परमेश्वरको निम्ति गाउने मानिसहरू स्वतन्त्र भएको म देख्न सक्छु।

सृष्टिकर्ता परमेश्वर सबैभन्दा शक्तिशाली हुनुहुन्छ!

# गोठालो केटो

म एक गोठालो केटोलाई
देख्न सक्छु।



उनको नाम दाऊद हो

दाऊद अब्राहामको
परिवारका हुन्।

धेरै वर्षहरू बिते।

गोठालो केटो दाऊद
अब राजा बनेका छन्।









राजा दाऊदले सृष्टिकर्ता परमेश्वरको
निम्ति गाइरहेको म सुन्न सक्छु।

‘सृष्टिकर्ता परमेश्वर, तपाई मेरो
निम्ति सबथोक हुनुहुन्छ।

सृष्टिकर्ता परमेश्वर, तपाईले मलाई
जीवन दिनुहुन्छ।

सृष्टिकर्ता परमेश्वर, तपाईले
मलाई शान्ति दिनुहुन्छ।

सृष्टिकर्ता परमेश्वर, तपाईले
मलाई बचाउनुहुन्छ।

सृष्टिकर्ता परमेश्वर, तपाईले
मलाई सुरक्षा दिनुहुन्छ।









सृष्टिकर्ता परमेश्वर, तपाईले
मलाई प्रेम गर्नुहुन्छ।

सृष्टिकर्ता परमेश्वर, तपाई सदा,
सदा अनि सदासर्वदाको निम्ति
मेरो साथ हुनुहुन्छ।'

सृष्टिकर्ता परमेश्वरले राजा दाऊदलाई यसो भनिरहेको म सुन्न सक्छु,

'तेरो परिवारद्वारा म सबैलाई सदा, सदा अनि सदासर्वदाको निम्ति बचाउँनेछु।'

सृष्टिकर्ता परमेश्वर आउँदै हुनुहुन्छ।

